# गण्डकी प्रदेश सभा

## आठौँ अधिवेशन

## बैठक संख्या -१६

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति २०८२ साल असार ९ गते, सोमवार

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:३२** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा **माननीय गणेशमान गुरुङ, माननीय दिलमाया पौ. वि. र माननीय श्यामराजा महतले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथि**को बाँकी छलफल प्रारम्भ भयो ।

तत्पश्चात **माननीय सभामुखले आजको छलफलमा विधेयकको भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि छलफल हुने व्यहोरा सभा**लाई जानकारी गराउँनुभयो ।

तत्पश्चात **विधेयकको भौतिक पूर्वाधार विकास तथा यातयात व्यवस्था मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि छलफल** प्रारम्भ भयो। उक्त छलफलमा **माननीय कुसुम बुढा पुनले खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो ।**

तत्पश्चात **छलफलमा माननीय महेश भट्टराई, माननीय गणेशमान गुरुङ्, माननीय रेशम बहादुर जुग्जाली, माननीय पञ्चराम गुरुङ्, माननीय रेखा गुरुङ्, माननीय श्यामराजा महत, माननीय दोर्ण कुमार कुँवर र माननीय सुधिर कुमार पौडेलले** भाग लिनुभयो ।

**तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल असार १० गते विहान ११ बजे** बस्नेगरी **दिनको १:३६** बजे स्थगित गर्नुभयो।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव